नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.:

च.नं.:

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## प्रेस विज्ञप्ति

मितिः २०७९।११।१७

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको सहायक कम्पनीको रुपमा स्थापना भएका रेमिट हाइड्रो लिमिटेड र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडले प्रबर्द्धन गर्ने ७७.३ मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत आयोजना र ७०.५ मेगावाट क्षमताको सिम्बुवा खोला जलविद्युत आयोजनालाई नेपाल विद्युत प्राधिकरण, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी र विद्युत उत्पादन कम्पनीको साझेदारीमा अघि बढाउने उद्देश्यले आज मिति २०७९।११।१७ मा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेज्यूको उपस्थितिमा तीन निकायबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुन कुमार गौतम र विद्युत उत्पादन कम्पनीका प्रबन्ध सञ्चालक सूर्य प्रसाद रिजालले हस्ताक्षर गर्नु भएको छ ।

सो समझदारीपत्रका प्रमुख पक्षहरु देहाय बमोजिम रहेका छन्:

१. सिम्बुवा खोला जलविद्युत आयोजना विकास गर्ने सिम्बुवा रेमिट हाइड्रो लिमिटेडको संस्थापक समुहको ५१ प्रतिशत शेयर मध्ये विद्युत उत्पादन कम्पनीले २१ प्रतिशत, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले १५ प्रतिशत र नेपाल विद्युत प्राधिकरणले १५ प्रतिशत लिने । त्यसै गरी घुन्सा खोला जलविद्युत आयोजना विकास गर्ने रेमिट हाइड्रो लिमिटेडको ५१ प्रतिशत शेयर मध्ये नेपाल विद्युत प्राधिकरणले २१ प्रतिशत, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले १५ प्रतिशत र विद्युत उत्पादन कम्पनीले १५ प्रतिशत लिने ।

२. हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले गरेको पूर्व प्रतिबद्धता बमोजिम हुने गरी दुवै कम्पनीको सर्वसाधरण समूहको शेयरमा वैदेशिक रोजगारीमा गएका सर्वसाधरणको लागि २९ प्रतिशत शेयर आरक्षण गर्ने ।

३. दुवै आयोजनाको कूल अनुमानित लागतको ७० प्रतिशत ऋण र ३० प्रतिशत शेयर कायम हुने गरी आयोजनाको वित्तीय स्वरुप (Financing Modality) निर्धारण गर्ने ।

४. दुवै कम्पनीको सञ्चालक समितिमा नेपाल विद्युत प्राधिकरण, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी र विद्युत उत्पादन कम्पनीको एक-एक जनाको प्रतिनिधित्व रहने ।

५. आयोजनाको वित्तीय व्यवस्थापन गर्न हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले बैंक तथा वित्तीय संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्ने । आयोजनाको लागि आवश्यक ऋण रकमको प्रवन्ध गर्ने क्रममा ऋण लगानीकर्ताले संस्थापक जमानत माग गरेमा

नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

प.सं.:
च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प्रचलित कानूनको अधिनमा रही नेपाल विद्युत प्राधिकरण र विद्युत उत्पादन कम्पनीले संस्थागत जमानत प्रदान गर्ने ।

६. नेपाल विद्युत प्राधिकरणले प्रचलित कानून एवम् कार्यविधि अनुरुप दुवै आयोजनाले उत्पादन गर्ने विद्युतको खरिद सम्झौता गर्ने ।

७. हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले उल्लिखित दुवै आयोजनाहरुमा हालसम्म गरेको लगानी रु. ९६ करोडलाई त्यस कम्पनीको लगानी मानी अन्य दुई निकायबाट शेयर संरचनाको आधारमा समानूपातिक रुपमा सम्बन्धित आयोजनाको आवश्यकता अनुसार शेयर बापतको रकम भुक्तानी गर्दै जाने । उपरोक्त बमोजिम शेयरको रकम भुक्तानी गर्दा शेयरको अंकित मूल्य (Face Value) का आधारमा गर्ने ।

८. नेपाल सरकारले लागू गरेको जनताको जलविद्युत कार्यक्रम अन्तर्गत आयोजनाको शेयर संरचनामा प्रदेश सरकार र स्थानीय तह सहभागी हुने भएमा हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीले न्यूनतम १५ प्रतिशत शेयर नघट्ने गरी रेमिट हाइड्रो लिमिटेडको हकमा विद्युत उत्पादन कम्पनीको र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडको हकमा नेपाल विद्युत प्राधिकरणको शेयरको हिस्साबाट समायोजन गर्ने ।

९. रेमिट हाइड्रो लिमिटेड र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडको विशेष साधारण सभाबाट यस सम्झौताको कार्यान्वयनका लागि प्रबन्धपत्र तथा निमायवली संशोधन भएपछि सम्झौता बमोजिमका शर्तहरुको कार्यान्वयन प्रक्रिया अघि बढ्ने ।

यस समझदारीपत्रको कार्यान्वयनबाट वैदेशिक रोजगारमा गएका नेपाल नागरिकको बचतबाट लगानीयोग्य पूंजी निर्माण गरी जलविद्युत आयोजनामा लगानी गर्ने हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको प्रतिबद्धता अनुरुप ती आयोजनाहरुको विकासमा थप प्रभावकारिता आउने तथा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतका यी तीन निकायबीच सार्थक साझेदारी र सहकार्यको कार्य संस्कृतिको विकास भई जलविद्युत आयोजनाको विकास, प्रसारण, वितरण तथा वित्तीय व्यवस्थापनमा थप सहजता हुने विश्वास लिइएको छ ।

(सन्दीप कुमार देव)
सहसचिव